# नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश
# प्रदेशस्तरीय निबन्ध प्रतियोगिता

**सूचना प्रकाशन मिति: २०८२।११।१५**

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा निबन्ध प्रतियोगिता सञ्चालन गरिने भएकोले कर्णाली प्रदेशभित्रका मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थामा स्नातक तहमा अध्ययनरत इच्छुक विद्यार्थीहरूबाट निबन्ध पेश गर्न आह्वान गरिन्छ।

## निबन्धको शीर्षक

**“कर्णाली प्रदेशको उत्थानशील समाज र अर्थतन्त्र निर्माणका लागि बीमा”**

***“Insurance for building a resilient society and economy in Karnali Province”***

## सहभागिताका शर्तहरू

१.प्रतियोगितामा सहभागी हुने प्रतिस्पर्धी कर्णाली प्रदेश भित्रको कलेज वा विश्वविद्यालयमा स्तानक तहमा अध्ययनरत रहेको हुनुपर्नेछ ।

२.लेखनको भाषा नेपाली वा अंग्रेजी मध्ये एक हुनुपर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अङ्ग्रेजी भए Times New Roman १२ फन्ट साईजमा हुनुपर्नेछ ।

३. निबन्ध बढीमा १५०० शब्दको हुनुपर्नेछ ।

४. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको इमेल आइडी eassy.karnali@nia.gov.npमा २०८२ चैत्र मसान्त भित्र पेश गर्नुपर्नेछ। निबन्ध पेश गर्दा प्रतियोगीको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको सिफारिस पत्र संलग्न गरी पठाउनु पर्नेछ।

५. निबन्ध मौलिक हुनुपर्नेछ र कुनै पनि प्रकारको साहित्यिक चोरी गरिएको हुनुहुँदैन। प्राप्त निबन्धहरू AI Detector तथा Plagiarism Detector प्रयोग गरी जाँच गरिनेछ।

६. निबन्धको मूल्याङ्कन मापदण्ड निम्न बमोजिम हुनेछ ।

| क्र.स. | मापदण्ड | गुणाङ्क(%) | विवरण |
|---|---|---|---|
| १ | विषयबस्तुको ज्ञान | ४० | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/ शुद्धलेखन | १० | त्रुटिरहित लेखन |

७.उल्लिखित शर्तहरू पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिने छैन ।

८.उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५,०००/-,द्वितीय रु. १०,०००/-, र तृतीय रु. ५,०००/- का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।

९.पुरस्कार रकममा लाग्ने कर कट्टा गरी प्रदान गरिनेछ।

१०.निबन्ध प्रतियोगिता सञ्चालन उपसमितिको निर्णय अन्तिम हुनेछ । प्राप्त निबन्धको सर्वाधिकार (copyright) नेपाल बीमा प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरूलाई प्राधिकरणले आफ्ना प्रकाशनहरूमा प्रयोग गर्न सक्नेछ।

## थप जानकारी

**नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत**

**फोन: ०८३-५९०७४४/४४ ईमेल: eassy.karnali@nia.gov.np**

# नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश
# प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता

**सूचना प्रकाशन मिति: २०८२।११।१५**

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अनुसार बीमा सम्बन्धी जनचेतना अभिबृद्धि गर्ने र विद्यार्थीमा बीमाको महत्व बुझाउने उद्देश्यले बीमा सम्बन्धी "प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता-२०८२" आयोजना गर्न लागिएको हुँदा कर्णाली प्रदेशका उच्च माध्यामिक (१०+२) तहका विद्यालयले समूहको नेतृत्वकर्तासहित म नोनयन गरिएका तीन (३) जना विद्यार्थीको नाम र विद्यालयको विद्यार्थी परिचय पत्र खुल्ने कागजात सहित नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयको इमेल (infokp@nia.gov.np) मा प्रतियोगि समूह निशुल्क दर्ता गर्नुहुन अनुरोध गरिन्छ ।

## कार्यक्रमको नाम: प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता-२०८२

**प्रतियोगिताको नियमः** एउटा बिद्यालयको एउटा मात्र समुह हुनुपर्नेछ र अन्य हाजिरी जवाफ सम्बन्धी प्रचलित मान्यता वमोजिम हुनेछ। प्रतियोगिता सम्बन्धी अन्तिम निर्णयको अधिकार बीमा प्राधिकरण कर्णाली प्रदेश हाजिरी जवाफ उपसमितिलाई हुनेछ ।

## प्रतियोगिताका प्रश्नको प्रकृति तथा अङ्कभार:

| क्र.सं | विषयबस्तुहरु | अंकभार(%) |
|---|---|---|
| १. | नेपाल बीमा प्राधिकरणको सामान्य जानकारी | १० प्रतिशत |
| २. | बीमा व्यवसाय सम्बन्धी जानकारी (जीबन बीमा, निर्जिवन बीमा, लघुबीमा र पुनर्बीमा) | ५० प्रतिशत |
| ३. | बीमा सम्बन्धी कानूनी व्यवस्थाको बारेमा सामान्य जानकारी | १० प्रतिशत |
| ४. | बीमा र अर्थतन्त्र | २० प्रतिशत |
| ५. | बीमाका अन्तराष्ट्रिय अभ्यास | १० प्रतिशत |
| | जम्मा | १०० प्रतिशत |

**सहभागीताको लागि आवेदन दिने अन्तिम मिति:** २०८२/१२/३० गते कार्यालय समय भित्र।

**नोटः** हाजिरी जवाफ सञ्चालन गरिने मिति समूह दर्ता गर्ने अन्तिम मिति पछि तय गरिनेछ ।

## पुरस्कारको व्यवस्था :

प्रथम पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु २०,०००/-

द्धितीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु १५,०००/-

तृतीय पुरस्कार : प्रमाणपत्र र कर सहित नगद रु १०,०००/-

**थप जानकारी**

**नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत**

फोनः ०८३-५९०७४४/४४ ईमेलः :infokp@nia.gov.np, वेभसाइटः www.nia.gov.np